## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**यान्त्रिक साधन सञ्चालन कार्यविधि(संसोधन सहित) २०७८**

# स्थानीय राजपत्र

खण्डः०५ संख्याः २५ मितिः २०७८/०८/१४

**भाग-२**

## गण्डकी गाउँपालिका

गाउँपालिका वासीहरुलाई विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्नका लागि गण्डकी गाउँपालिका गाउँ कार्यपालिका द्धारा यो कार्यविधि निर्माण गरिएको छ ।

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

# गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि(संसोधन सहित) २०७८

**प्रस्तावना -:** गण्डकी गाउँपालिकाले गाउँपालिकाका जनताहरुलाई चुस्त दुरुस्त र सर्वसुलभ दरमा ठुला यान्त्रिक उपकरण उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि निर्माण गरिएको छ । गाउँपालिकाले खरिद गरेका ठुला यान्त्रीक उपकरण सञ्चालन, भाडा दर, पारिश्रमिक, मर्मत सम्भार सम्वन्धि व्यवस्था यसमा गरिएको छ । गाउँपालिका वासीहरुलाई विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्नका लागि यो कार्यविधि निर्माण गरिएको हो । यस कार्यविधि निर्माण पश्चात गाउँपालिकाका विभिन्न विकास र निर्माणका काममा तदारुकताका साथै सहुलियतमा विकास निर्माणको काम गर्न यहाँका नागरिक र उपभोक्ता समितिहरुलाई सहज हुनेछ । गण्डकी गाउँपालिकाको मिति २०७८।०८।१२ गते कार्यपालिकाको बैठकले 'यान्त्रीक साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७८' पारित गरिएको छ

## परिच्छेदः१
## प्रारम्भिक

१ .संक्षिप्त नाम र प्रारम्भ) : १ (यस कार्यविधिको नाम" गण्डकी गाउँपालिकाका यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८ " रहनेछ ।

(२ (यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२ .परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -:

क' (गाउँपालिका' भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख ('यान्त्रिक साधन' भन्नाले गण्डकी गाउँपालिकाले पूर्वाधार विकास र सरसफाई कार्यमा सञ्चालनमा ल्याएका व्याक हो लोडर ) जे.सि.वि(., र टिप्पर लगायतका साधन भन्ने सम्झनुपर्दछ ।

)ग (यान्त्रिक साधन संचालन समिति' यो कार्यविधि वमोजिम गण्डकी गाउँपालिकामा रहेका यान्त्रिक उपकरण संचालन एवं व्यवस्थापन गर्नका लागि गठित समितिलाई जनाउँछ ।

) घ ('वडा कार्यालय' भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका ८ वटा वडा कार्यालयहरु भन्ने सम्झनुपर्दछ ।

(ङ ('भाडादर' भन्नाले विभिन्न यान्त्रिक साधन प्रयोग गरे वापतको भाडादर भन्ने सम्झनुपर्दछ ।

(च' (चालक' भन्नाले सम्वन्धित यान्त्रिक उपकरण चलाउनका लागि नेपाल सरकारबाट लाइन्सेस प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(छ'(हेल्पर' भन्नाले यान्त्रिक उपकरण साधनको सुरक्षा र हेरचाह गर्ने चालकलाई सघाउने व्यक्ति भन्ने वुझिनेछ ।

**३ .कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः

(क (सुलभ दरमा व्याक हो लोडर) जे.सि.वि.) र टिप्पर उपलब्ध गराउने ।

(ख (विकास निर्माणका काममा तत्काल सक्रियता देखाउने ।

)ग (गाउँपालिकाका भौतिक विकासका कामहरु तत्काल गर्ने ।

## परिच्छेद : २

**४ .कार्यविधि कार्यान्वयन प्रक्रियाः**

'गण्डकी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८ ' अनुसार यान्त्रिक उपकरण तथा साधनको सेवाशुल्क निम्नानुसार लिईनेछ

**क .व्याक हो लोडर) जे.सि.वि(.**

१ .व्याक हो लोडर) जे.सि.वि (.ईन्धन सहित प्रति घण्टा रु .२६०० दुई हजार छ सय रुपैया मात्र

**ख .टिप्पर भाडा लिए बापतको शुल्क :**

| क्रस | किलोमिटर | दर |
|---|---|---|
| १. | ५ किलोमिटर सम्म | ६००० |
| २. | ५ देखि १० किलोमिटर सम्म | १२००० |
| ३. | ११ किलोमिटर देखि २० कि.मि सम्म | १८००० |
| ४. | २१ देखि ३० किमी सम्म | २२००० |
| **नोट : ३० कि.मि भन्दा माथि हरेक ५ कि.मि मा २००० को दरले थप हुनेछ ।** | | |

५ .'यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७८' अनुसार यान्त्रिक उपकरणमा काम गर्ने चालक र सहचालकको सेवा लिए वाफत पारिश्रमिक निम्नानुसार उपलब्ध गराइनेछ ।

**१ .व्याक हो लोडर) जे.सि.वि (.चालक**

क (मासिक पारिश्रमिक रु .२५,८५०) -/पच्चीस हजार आठ सय पचास रुपैया मात्र(

ख (भत्ता प्रतिघण्टा रु .१००-/

**२ .टिप्पर चालक**

क (मासिक पारिश्रमिक रु .२५,८५०) -/पच्चीस हजार आठ सय पचास रुपैया मात्र(

ख (भत्ता प्रतिदिन रु.३००।–

**३ .व्याक हो लोडर) जे.सि.वि (.र टिप्पर सहचालक**

क (मासिक पारिश्रमिक रु १५,०००) -/पन्ध्र हजार रुपैया मात्र(

ख (व्याक हो लोडर) जे .सि .वि (.भत्ता प्रतिघण्टा रु .५०। -र टिप्पर भत्ता प्रतिदिन रु .२००-/

यान्त्रिक साधन चालक अनुभवी र दक्ष हुनुपर्नेछ । यान्त्रिक उपकरण साधनको पूर्ण जिम्मेवारी लिनुपर्नेछ ।

**६ .आर्थिक सञ्चालन सम्बन्धि**

**१ (गण्डकी गाउँपालिकाभित्र रहेका यान्त्रिक उपकरण साधन संचालन एवं व्यवस्थापन गर्न तपसील बमोजिमको संचालन समिति रहनेछ ।**

१ .गाउँपालिका अध्यक्ष - अध्यक्ष

२ .प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३ .आर्थिक प्रशासन शाखा - सदस्य
४ .योजना शाखा - सदस्य
५ .पुर्वाधार तथा भवन नियमन शाखा - सदस्य सचिव

**२ (यान्त्रिक उपकरण साधन संचालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क (गाउँपालिकामा रहेका हेभि मेसिनरी उपकरणहरुको उचित परिचालन र व्यवस्थापन गर्ने ।

ख (गाउँपालिकावाट हुने विकास निर्माणमा हेभि मेसिनरी उपकरणहरु शुल्क सहित वा शुल्क रहित परिचालन गर्ने ।

ग (गाउँपालिकावाट हुने विकास निर्माणमा निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई भाडामा दिने ।

घ (ड्राईभर, हेल्परलाई पारिश्रमिक उपलब्ध गराउने ।

ङ (आम्दानी खर्चको हिसाव किताव राख्ने ।

च (हेभी मेसिनरी उपकरणको मर्मत संभार गर्ने ।

छ (आर्थिक रुपमा पारदर्शी बनाउनका लागि सञ्चालक समितिले यान्त्रिक उपकरण साधन परिचालन र मर्मत सम्भार खाता सञ्चालन गर्नेछ ।

ज (समितिले मासिक रुपमा कार्यपालिकाको बैठकमा आम्दानी तथा खर्च विवरण पेश गर्नेछ ।

झ (आवश्यकता अनुसार कार्यविधिलाई कार्यपालिकाको वहुमतले परिमार्जन गर्न सक्नेछ ।

ञ (यान्त्रिक उपकरण साधन सञ्चालनका सन्दर्भमा केही आर्थिक नोक्सानी देखिएमा गाउँपालिकाबाट पेश्की रकम लिएर काम गर्न सकिनेछ ।

ट (समितिले प्राविधिकको जिम्मेवारीमा वडा स्तरिय कार्यक्रम सञ्चालनको लागि सिफारिश गर्नेछ र प्राविधिकको प्रतिवेदनको आधारमा भुक्तानीका लागि सिफारिश गर्नेछ ।

**७ .गाडी मर्मत सम्बन्धि व्यवस्था**

क (गाडी मर्मतका लागि विषय खुलाई फाराम भरेर प्राविधिक र समितिको सिफारिसमा मात्रै मर्मत गरिनेछ ।

**८.अन्य व्यवस्था**

क (यान्त्रिक उपकरण सञ्चालन सम्वन्धमा लगवुक वनाएर त्यसैमा सम्पूर्ण कामको विवरण यान्त्रिक उपकरण चालकले राख्नुपर्नेछ ।

ख (यान्त्रिक उपकरण साधन व्यक्ति वा समितिलाई आवश्यक परेमा विवरण खुलाई निवेदनका साथमा कार्यालयमा रहेको फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

आज्ञाले
रिजेश उपरकोटी
प्रमुख प्रशासकिय अधिकृत